## आर्थिक बर्ष २०७५/०७६ को

# विनियोजन ऐन

## परिवर्तन गाउँपालिका

## रोल्पा जिल्ला

## प्रदेश नं. ५

## २०७५

# परिवर्तन गाउँपालिकाको विनियोजन ऐन

**परिवर्तन गाउँपालिकाको आर्थिक बर्ष २०७५/०७६ को सेवा र कार्यक्रमहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र बिनियोजन गर्ने सम्वन्धमा ब्यवस्था गर्न बनेको ऐन**

सभाबाट स्वीकृत मिति :-२०७५/०३/२५

## प्रस्तावना :–

परिवर्तन गाउँपालिकाको आर्थिक बर्ष २०७५/०७६ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम बिनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २९९ को उपधारा (२) बमोजिम परिवर्तन गाउँपालिकाको सभाले यो ऐन बनाएको छ ।

## १. संक्षिप्त नाम र प्रारम्भ :–

(१) यस ऐनको नाम **"परिवर्तन गाउँपालिकाको बिनियोजन ऐन २०७५"**रहेको छ ।

(२) यो ऐन तुरुन्त लागु हुनेछ ।

## २. आर्थिक बर्ष २०७५/०७६ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार :–

(१) आर्थिक बर्ष २०७५/०७६ को निमित्त गाउँपालिका, वडा समिति, बिषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त अनुसूची (१) मा उल्लेखित चालू खर्च, पूँजीगत खर्च र बित्तीय ब्यवस्थाको रकम समेत गरी जम्मा रकम रु.**३१,३८,९०,०००/–(अक्षरुपी अठ्तीस करोड बीस लाख नब्बे हजार मात्र)** मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

## ३. बिनियोजन :–

(१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिएको रकम आर्थिक बर्ष २०७५/०७६ को निमित्त परिवर्तन गाउँपालिकाको गाउँ कार्यपालिका, वडा समिति र बिषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त बिनियोजन
गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र बिषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त बिनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट अपुग नपुग हने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकास र खर्च जनाउन सकिनेछ । पूँजीगत खर्च र बित्तीय ब्यवस्था तर्फ बिनियोजित रकम साँवा भुक्तानी खर्च र ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय ब्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजन रकम ब्याज भुक्तानी खर्च शर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालू तथा पूजीगत खर्च र बित्तीय ब्यवस्थाको खर्च ब्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ
।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

# अनुसूची १

दफा २ संग सम्बन्धित

नेपालको संबिधानको धारा २२९ (२) बमोजिम

संचित कोषबाट बिनियोजन हूने रकम

| क.सं | अनुदान संख्या | शिर्षकको नाम | चालू खर्च | पुंजिगत खर्च | बित्तिय ब्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | गाउँकार्यपालिका | १८,६४,४४,१२०( अठार करोड चौसठ्ठी लाख चवालिस हजार एक सय बिस) | ५,६०,०३,०००( पाच करोड साठी लाख तिन हजार) | | २४,२४,४७,१२०( चौबिस करोड चौबिस लाख सरचालिस हजार एक सय बिस मात्र) |
| २ | | वडा समिति | | ३,०१,००,०००( तिन करोड एक लाख) | | ३,०१,००,०००(तिन करोड एक लाख) |
| ३ | | विषयगत शाखा | | ४,१३,४२,८८०( चार करोड तेह्र लाख बयालिस हजार आठ सय असी) | | ४,१३,४२,८८०(चार करोड तेह्र लाख बयालिस हजार आठ सय असी) |
| ४ | | ऋणको सावा व्याज भुक्तानी | | | | |
| ५ | | लगानी ( शेयर/ऋण) | | | | |
| जम्मा | | | १८,६४,४४,१२०।-( अठार करोड चौसठ्ठी लाख चवालिस हजार एक सय बिस | १२,७४,४५,८८०।-( बाह्र करोड चौहत्तर लाख पैचालिस हजार आठ सय असी मात्र) | | ३१,३८,९०,०००।-( एकतिस करोड अरत्तिस लाख नब्बे हजार) |

| | | | | |
|---|---|---|---|---|
| | मात्र) | | | |

नोटःसँघ तथा प्रदेश सरकारबाट प्राप्त शशर्तकार्यक्रमका चालु प्रकृतिका कार्यक्रम समेत उल्लेखित अनुसूचिमा समावेश भएको तथा आ.व.२०७४७५ को चालु तथा पूँजिगत आल्यको विनियोजन आगामी विशेष गाउँसभाबाट हुने जानकारी अनुरोध छ ।